# नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
# सिंहदरबार



## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको वन तथा वातावरण मन्त्रालयसंग सम्बन्धित सूचनाहरुको प्रकाशन

*सूचना सार्वजनिक गरेको अवधिः- २०७६/४/१-२०७६/६/३०*

## १ मन्त्रालयको स्वरुप र प्रकृति

नेपालको वनको दिगो व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तन न्युनीकरण र अनुकुलन गर्ने मूल उद्देश्य यस मन्त्रालयको रहेको छ । मन्त्रालयमा माननीय मन्त्रीको नेतृत्वमा प्रशासकीय प्रमुखका रुपमा सचिव, ६ वटा महाशाखा र सो अन्तर्गत २६ शाखाहरु रहेका छन् । प्रत्येक महाशाखाका प्रमुख सह-सचिव रहने व्यवस्था छ । यस मन्त्रालय अन्तर्गत चार विभाग, एक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, एक रेड कार्यान्वयन केन्द्र रहेका छन् । यसका अतिरिक्त मन्त्रालय माताहत नेपाल वन निगम लि., जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, राष्ट्रपति चुरे-तराई मधेस विकास संरक्षण समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष र राष्ट्रिय ताल संरक्षण विकास समिति समेत रहेका छन् ।

## २ मन्त्रालयको काम, कर्तव्य र अधिकार

वन स्रोत सर्वेक्षण, २०१५ अनुसार नेपालको कूल क्षेत्रफल मध्ये वन तथा बुट्यान क्षेत्र ले ४४.७४% भू- भाग ओगटेको छ । राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रहरु जस्तैः जलस्रोत, पर्यटन, प्राथमिक स्वास्थ्य उपचार र कृषिको मेरुदण्डको रुपमा रहेको वन क्षेत्रले सदियौंदेखि नै जनताको वन पैदावारको आवश्यकता परिपूर्ति तथा वातावरण सन्तुलनको लागि योगदान पुर्‍याउदै आइरहेको छ । साथै वातावरणीय स्वच्छता कायम राख्दै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कृयाकलाप मार्फत जनताका जीविकोपार्जनमा सकारात्मक टेवा पुर्याउनु पनि यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु निम्नानुसार रहेका छन् ।

१. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी नीति, कानून र मापदण्ड
२. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा शिकार आरक्ष र सीमसार क्षेत्र सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तथा कार्यान्वयन
३. हात्तीसार
४. प्राणी उद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानून र मापदण्ड
५. मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नीति, कानून र मापदण्ड

६. जैविक विविधता, प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन

७. वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

८. वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू उपयोग परिवर्तन

९. वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति,कानून र मापदण्ड

१०. हर्वेरियम व्यवस्थापन

११. वनस्पतिहरुको रासायनिक गुणहरुको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर

१२. आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजाति र आयातित प्रजाति

१३. वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण सम्बन्धी नीति, कानून र मापदण्ड

१४. कार्वन सेवा र कार्वन सञ्चिति

१५. अन्तर प्रादेशिक जंगल,हिमाल, वन संरक्षण क्षेत्र, जैविक विविधता तथा भू-जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

१६. अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय

१७. वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान

१८. प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायम सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन

१९. वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा

२०. हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड

२१. विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन,ध्वनि लागायतका प्रदुषण नियन्त्रण

२२. हरितगृह ग्याँसको मापदण्ड र नियमन

२३. राष्ट्रिय स्तरमा वातावरणीय सूचना प्रणाली

२४. वातावरणीय प्रभाव अध्ययन सम्बन्धी नीति, कानून, मापण्ड र नियमन

२५. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष

२६. सशस्त्र वन रक्षक

२७. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासंग सन्धि, सम्झौता,अभिसन्धि, सम्पर्क र समन्वय

२८. मन्त्रालय सम्बन्धी सर्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

२९. मन्त्रालयको विषय क्षेत्रसंग सम्बन्धित सेवा, समूह र उपसमूहको सञ्चालन

## ३ मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस मन्त्रालयमा जम्मा १२९ जना निजामती कर्मचारीको दरबन्दी रहेको छ । मन्त्रालयका काम कारवाही संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०७५ मा दिइएका कार्य विवरण अनुसार नै विभिन्न विभाग, केन्द्र, विकास समिति तथा कोषमा कर्मचारी कार्यरत रहेका छन् । यी निकायमार्फत यस मन्त्रालय अन्तर्गतका कार्य क्षेत्रमा पर्ने क्रियाकलापहरु समेत कार्यान्वयन भइरहेका छन् ।

## ४ मन्त्रालयबाट प्रदान गरिने सेवा

नयाँ संरचना अनुसारको संगठन संरचना स्वीकृत भए पश्चात विगतमा वन तथा भू संरक्षण मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिदै आएका सेवाहरुमा समेत परिवर्तन भएको छ । हालको अवस्थामा प्रवाह गर्ने सेवा निम्नानुसारका रहेका छन्

- वन सम्पदाको वैज्ञानिक, समावेशी र सहभागितामूलक व्यवस्थापनद्वारा पारिस्थितिकीय सेवाको प्रवर्द्धन गर्ने।
- नेपालमा रहेका सबै प्रकारका वनहरुलाई दिगो वन व्यवस्थापन पद्वति अनुरुप व्यवस्थापन गर्नाका लागि आवश्यक नीति, नियम तथा मापदण्ड तय गर्ने।
- वन अतिक्रमण, अवैध कटानी तथा चोरी शिकारलाई नियन्त्रणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

- वन श्रोतमा आश्रित समुदायहरुको जीविकोपार्जनमा सुधारको लागि जडिबुटी, पर्यापर्यटन र वन सम्पदामा आधारित वातावरण मैत्री उद्योग व्यवसायको विकास गरी निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा बृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने ।
- वन स्रोतबाट प्राप्त हुने लाभहरुको समन्यायिक वितरणका लागि आवश्यक व्यवस्था गर्ने।
- जलवायु परिर्वतनका कारणले पर्न सक्ने सम्भावित असरहरुको आंकलन गरी उपयुक्त अनुकूलन एंव जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।
- चुरेको परिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्ने ।
- जडिबुटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- वन तथा वातावरण क्षेत्रका नीति, कार्यक्रम, बजेट र सेवालाई लैङ्गिक तथा सामाजिक रुपमा समावेशी र न्यायोचित बनाउने ।
- वन तथा वातावरण क्षेत्रमा वैदेशिक सहायतालाई राष्ट्रिय हित अनुकूल संचालन गर्ने ।
- वन क्षेत्रको प्रभावकारी संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्नको लागि प्रचलित ऐन कानूनमा आवश्यक परिमार्जन गरी संस्थागत सुदृढीकरण र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने ।
- रेडको अवधारणा अनुसार विश्व व्यापारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जूमा गर्ने ।
- वातावरणीय स्वच्छता कायम गर्नका लागि नीति, मापदण्ड तथा कानूनहरुको निर्माण गर्ने ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गर्ने ।

## ५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित कानून अनुसार हुने ।

## ६ निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कार्वाहीमा नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५ मा व्यवस्था भए अनुसार निर्णय हुने गरेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

## ७ निर्णयउपर उजुरी सुन्ने अधिकारी

यस मन्त्रालयबाट उपलब्ध गराईएको सेवा उपर चित्त नबुझेको खण्डमा मन्त्रालयका सचिव समक्ष उजुरी गर्न सकिनेछ ।

## ८ सम्पादन गरेको कामको विवरण

यस मन्त्रालयको स्वीकृत बार्षिक बजेट अनुसारका निम्न बजेट उपशिर्षकमा कार्यहरु हुदै आएका छन्

- वन तथा वातावरण मन्त्रालय
- राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
- जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम
- वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना
- वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम
- राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना
- वन अनुसन्धान तथा सर्वेक्षण आयोजना
- केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र
- रेड फरेष्ट्रि तथा जलवायू परिवर्तन कार्यक्रम
- डिभिजन वन कार्यालयहरू (वन सुरक्षा सैनिक समेत)
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम
- वन तथा भूसंरक्षण विभाग

- प्रकृतिमा आधारित पर्यटन कार्यक्रम
- जोखिमयुक्त जलाधारमा जलवायु समानुकुलन आयोजना
- वनस्पति विभाग
- जडिबुटी विकास कार्यक्रम
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना)
- हात्तीसारहरू
- सिमसार व्यवस्थापन कार्यक्रम
- वन अनुसन्धान तथा सर्वेक्षण विभाग
- वातावरण विभाग
- पहाडी साना किसानका लागि अनुकूलन आयोजना
- पर्वतीय जलाधारहरुको जलावायु परिवर्तन समानुकूलन आयोजना
- प्रदेश सरकारलाई सशर्त अनुदान
- स्थानीय तहलाई सशर्त अनुदान

**यसका साथै यस अवधिमा यस मन्त्रालयबाट भएका मुख्य कार्यहरू निम्न अनुसार छन् ।**

- यस अवधिमा प्राप्त ३० वटा उजुरी /गुनासाहरु मध्ये ११ वटा फछ्यौंट भएको, ३ वटाको जवाफ पठाइएको, १६ वटा सम्बन्धित महाशाखा वा विभागमा लेखी पठाइएको,
- शिवपुरी नार्गाजुन राष्ट्रिय निकुन्ज नियमावली २०७६ स्वीकृत भएको,
- वन ऐन २०७६ र वातावरण संरक्षण ऐन २०७६ प्रमाणिकरण भई कार्यान्वयनमा आएको,
- चालु आ.व.का कार्यक्रमहरु संचालनको लागि विभाग, मन्त्रालय, केन्द्रहरूका १० भन्दा बढि कार्यक्रम कार्यान्वयन कार्यविधिहरू स्वीकृत भई कार्यान्वयनमा आएका र ५ वटा कार्यविधिहरू स्वीकृतिको प्रकृयामा रहेका,

- नेपाल वन निगम लिमिटेड नियमावली २०७६ र नेपाल वन निगम लिमिटेडको प्रबन्धपत्र समेत स्वीकृत भई कार्यान्वयन भएको,
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको,
- राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ नेपाल सरकार (मन्त्री परिषद्) बाट स्वीकृत भई कार्यान्वयनमा आएको,
- हरेक वर्षको आषाढ १४ गतेलाई राष्ट्रिय वृक्षारोपण दिवशको रुपमा मनाउने र चालु आ.व. २०७६/०७७ लाई वृक्षारोपण वर्ष स्वरुप अभियानको रुपमा मनाउने क्रममा यस अवधिमा देश भर करिब १ करोड वृक्षारोपण भएको,
- अन्य मन्त्रालयहरुबाट विभिन्न समयमा (अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय) प्राप्त हुन अएका नीति, रणनीति, ऐन कानून तथा निर्देशिकाहरुको मस्यौदा अध्ययन एवं पुनरावलोकन गरी राय, सुझाव उपलब्ध गराएको,
- वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायहरुबाट गत आ.व.मा सम्पन्न भएका कार्यहरु, नीति तथा कार्यक्रमको वार्षिक प्रगति समिक्षा, चालु आ.व. २०७६।७७ को श्रावण, भाद्र र असोज महिनाको प्रगति समिक्षा तथा मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको वैठकहरु सम्पन्न गरिएको,
- मन्त्रालयका महाशाखा प्रमुखहरु, विभागीय प्रमुखहरू, सातै प्रदेशका वन सचिवहरु र मन्त्रालय अन्तरगतका आयोजना परियोजनाका योजना अनुगमनका कर्मचारीहरूको सहभागितामा वार्षिक कार्यक्रम अन्तरगतको प्रगति तयारी प्रशिक्षण गोष्ठी असोजको १५ र १६ गते सम्पन्न गरिएको,
- वन तथा वातावरण मन्त्रालयको मासिक प्रगतिलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगतको अनलाइन मोनिटरिंग सिस्टममा प्रविष्ट गरि याङ्किङ गरिएको,
- पन्धौं योजनाको विस्तृत दस्तावेज तयारीको लागि यस मन्त्रालयको तर्फबाट प्रगति सूचक, नतिजा खाका, Game Changer Projects र राष्ट्रिय गौरवका आयोजना तथा Project Bank का आवश्यक विवरणहरू तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको,

- यस अवधिमा १५ वटा आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत, २९ वटा आयोजनाको क्षेत्र निर्धारण तथा कार्यसूची स्वीकृत, २२ आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गर्न सहमति प्रदान, २ वटा आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्यांकन अध्ययन गर्न सहमति प्रदान र ४ आयोजनालाई वातावरण संरक्षण ऐन २०५३ को दफा १८ (१) अनुसार जरिवाना गरिएको,
- वन तथा वातावरण क्षेत्रका तथ्यांकलाई व्यवस्थित गर्ने सम्बन्धमा मिति २०७६।५।२५ गते तथ्यांक विश्लेषण शाखा र रेड कार्यान्वयन केन्द्रको संयुक्त आयोजनामा National Forest Information System and Land cover, and Forest Environmental Economic Accounting का बारेमा मन्त्रालय, अन्तरगतका विभागहरु, निकायहरू र सरोकारवालाहरू विच अन्तरक्रिया कार्यक्रम गरिएको,
- जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय स्तरमा निर्धारित योगदान सम्बन्धी सरोकारवाला र विकास साझेदार संग श्रावण २० र २१ गते छलफल कार्यक्रम आयोजना गरिएको,
- राष्ट्रिय अनुकुलन योजना सम्बन्धी ७ वटा प्रदेशमा प्रदेशस्तरिय गोष्ठीहरु श्रावण र भाद्र महिनामा सम्पन्न गरिएको,
- राष्ट्रिय अनुकुलन योजना सम्बन्धी राष्ट्रिय स्तरको गोष्ठी भाद्र महिनाको १० गते काठमाण्डौंमा सम्पन्न गरिएको,
- राष्ट्रिय अनुकुलन योजना तर्जुमा गोष्ठी, Building Capacity for LDCs to Participate Effectively in Intergovernmental Climate Change Process विषयक गोष्ठी, Climate Change Negotiation सम्बन्धी तालिम सम्पन्न गरिएको,
- मन्त्रालयबाट जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी अन्तराष्ट्रिय मञ्च (IPCC) को Working Group II (WGII)- Impacts, Adaptation and Vulnerability बैठकको आतिथ्यता प्रदान गरिएको,
- स्थानीय तहहरुलाई जलवायु परिवर्तनको अवधारणा र जलवायु परिवर्तन विकास योजना निर्माणमा क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण कार्यक्रम श्रावण २१ देखि २५ सम्म संचालन गरिएको,
- स्थानीय तहहरुलाई विस्तृत परियोजना रिपोर्टको डिजाइन र तयारी सम्बन्धी तालिम धनगढी, दांङ, जुम्ला र नेपालगंजमा संचालन गरिएको,

- साझेदारी वन ब्यवस्थापन निर्देशिका २०६८ परिमार्जन सम्बन्धी मन्त्रालयमा १ दिने बैठक भाद्र २ गते संचालन गरिएको,
- आ.ब. २०७६/७७ को कार्यक्रम संचालन समन्वय एवं प्रगति समीक्षा बैठक मन्त्रालयमा भाद्र ३ गते सम्पन्न गरिएको,
- समुदायमा आधारित वन ब्यवस्थापन पद्धतिहरुको प्रोफाइल प्रकाशनका लागि वन तथा भू संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सातवटै प्रदेशका वन मन्त्रालयहरुलाइ फर्मेट अनुसारको विवरण उपलब्ध गराउन पत्राचार र सम्पर्क भएको ।
- मन्त्रालयको जैविक विविधता शाखा मार्फत विभिन्न विषयमा अध्ययन अनुसन्धान सहमति प्रदान गरिएको,
- अनुवंशिक श्रोतमा पहुँच, उपयोग र लाभको बाँडफाँड सम्बन्धी रणनीति तथा कार्ययोजनाको ७ वटै प्रदेशका सहभागीहरू संग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको,
- Access to Benefits Sharing र कृषि जैविक विविधता संरक्षण सदुपयोग बिचमा Harmonization कायम गर्न सहयोग पुराउने हेतुले Policy Lab संचालनमा ल्याइएको,
- Manual for Satellite Telemetry on Snow Leopard in Nepal 2019 स्वीकृत भएको,
- आ.व. २०७५।७६ मा उपहार स्वरुप उपलब्ध गराइएको संकटापन्न वन्यजन्तुको वार्षिक विवरण तयार गरी संघीय संसदको समितिमा पठाइएको,
- Nagoya Protocol को नेपालीमा अनुवाद सम्पन्न गरिएको,
- यस त्रैमासिक अवधिमा विभिन्न १५ वटा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई १३८.५०३६ हे. वन क्षेत्रको जग्गा प्रयोगका लागि शर्त सहित उपलब्ध गराइएको,
- यस अवधीमा संरक्षित क्षेत्रमा भ्रमण गरेका जम्मा पर्यटक संख्या १३७०६७ रहेकामा बाह्यय ८२१५१ जना र आन्तरिक ५४९१६ जना रहेका,
- यस अवधिमा काठ दाउराको उत्पादन १५९२८७।४९ क्यु.फिट राष्ट्रिय वन बाट र १०००२ क्यु.फिट निजी वन बाट भएको,

- यस अवधिमा राजश्व  रु. २० करोड ३६ लाख ७९ हजार ६ सय २९ भएको छ भने नेपाल वन निगम लिमिटेड, जडिबुटी उत्पादन तथा प्रशोधन क.लि. र राष्ट्रिय प्रकृति संरक्षण कोष मार्फत रु. १८,५३,९०,९७५.०० कुल आम्दानी भएको,
- नेपाल वन निगम लिमिटेड स्थापना भएको,
- माननीय बन तथा वातावरण मन्त्री र सचिव बिच, तथा सचिव र मन्त्रालयका महाशाखा तथा विभागीय । निकाय प्रमुखहरू बिच कार्य सम्पादन सम्झौता २०७६ श्रावण २० गते सम्पन्न भएको,
- चौंधौं योजनाको प्रगति र १५ औं योजनाको वन तथा वातावरण मन्त्रालयसंग सम्बन्धित विषयका खाकाको विवरण तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गरिएको,
- आ.व. २०७५।७६ को आर्थिक विवरण तयार, को.ले.नि.का.बाट आ.ले.प. सम्पन्न, अन्तरगत निकायहरुको रू. १ करोड ३० लाख ५५ हजार बेरुजु नियमित, मन्त्रालयको रु.३ करोड ७८ लाख ८७ हजार बेरुजु सम्परीक्षणको लागि म.ले.प.मा अनुरोध र अन्तरगत निकायहरुको १४ करोड ४६ लाख ११ हजारको बेरुजु फछ्यौट भएको,
- भारतको नयाँदिल्लीमा सेप्टेम्बर २ देखि १३ गते सम्म चलेको संयुक्त राष्ट्रसंघीय मरुभूमिकरण नियन्त्रण सम्बन्धी महासन्धिको पक्ष राष्ट्रहरुको सम्मेलनमा नेपालका तर्फबाट बन तथा वातावरण मन्त्री माननीय शक्ति बहादुर बस्नेतज्यूको नेतृत्वमा नेपाली प्रतिनिधि मण्डलले सहभागी जनाएको, जसमा ८९ पक्ष राष्ट्रका मन्त्रीहरूको सहभागिता रहेको,
- अमेरिकाको न्यूयोर्कमा सेप्टेम्बर २२ देखि २६ गते सम्म चलेको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी उच्चस्तरीय सम्मेलनमा नेपालको तर्फबाट वन तथा वातावरण मन्त्री माननिय शक्ति बहादुर बस्नेतज्यूले सहभागिता जनाउनुभएको,
- मोनाको देशमा सेप्टेम्बर २० देखि २३ गते सम्म संचालित Second Joint session of Intergovernmental Panel on Climate Change (IPCC) working groups I and II and Fifty-first Session of IPCC (IPCC51) र सो संग सम्बन्धित उच्चस्तरीय बैठकमा नेपालका तर्फबाट बन तथा वातावरण सचिव डा. विश्वनाथ ओलीले सहभागिता जनाउनुभएको,

- संविधान दिवस तथा राष्ट्रिय एकता दिवस मनाउन टुडिखेलमा आयोजित मूलसमारोह र छिमेकी राष्ट्र चीनका महामहिम राष्ट्रपतिको नेपाल भ्रमणको क्रममा स्वागत र विदाइमा मन्त्रालयको तर्फबाट उल्लेख्य सहभागिता भएको ।

## ९ सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुखको नाम र पद | सूचना अधिकारीको नाम र पद |
|---|---|
| डा. विश्वनाथ ओली<br>सचिव | हरि प्रसाद पाण्डे<br>उप सचिव<br>फो. नं. ९८५१२३७३२४ |

## १० ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस मन्त्रालयको कार्य क्षेत्र संग सम्बन्धित निम्न बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिका रहेका छन्

- वन ऐन, २०७६ र वन नियमावली, २०५१
- राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न बन्यजन्तु तथा बनस्पतिको अन्तरष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण नियमावली, २०३०
- राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०५४
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१
- नेपाल वन सेवा (गठन, समूह, तथा श्रेणी) विभाजन र नियुक्ति नियमहरु,२०५१
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६

- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४
- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६
- काठ दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७३
- समुदायिक वन उपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका ,२०७३
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि,२०७४
- सामुदायिक वनको काठ दाउरा संकलन तथा  बिक्रि वितरण निर्देशिका, २०७१
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
- सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९
- सामुदायिक वनको निर्देशिका,२०५२
- खोटो संकलन (कार्यविधि) निर्देशिका, २०६४
- जिल्ला वन पैदावर आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३
- निजी वन निर्देशिका, २०६८
- वातावरणीय सम्बन्धी विभिन्न मितिमा प्रकासित ४९ वटा मापदण्डहरु

**११ मन्त्रालयको बजेट सम्बन्धी विवरण**

आ.व. २०७६/०७७ को यस मन्त्रालयमा विनियोजन भएको कुल वजेट रकम रु १५ अर्ब ४८ करोड ८७ लाख ५० हजार रहेको छ । यस मध्ये १३ अर्व ८३ करोड ९३ लाख संघीय कार्यालयहरु तर्फ विनियोजन भएको छ भने १ अर्व २६ करोड ३३ लाख  ५० हजार प्रदेश तथा ३८ करोड ५२ लाख स्थानीय तहमा सर्शत रुपमा हस्तान्तरण भएको छ ।

**१२ मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण**

यस मन्त्रालय संग सम्बन्धित यस अवधिमा वैदेशिक अनुदान वा ऋण सम्बन्धी संझौता नभएको तर वार्षिक बजेट रु. १३ अर्व ८३ करोड ९३ लाख मध्ये रु. १० अर्व २० करोड ५८ लाख नेपाल सरकार तर्फ तथा रु. २ अर्व ६३ करोड ३५ लाख वैदेशिक अनुदान र रु. १ अर्व वैदेशिक ऋण रहेको छ ।

**१३ मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

यस मन्त्रालयका सूचनाहरु अद्यावधिक रुपमा मन्त्रालयको website www.mofe.gov.np मा पनि राख्ने गरिएको छ ।साथै मातहतका निकायहरुले पनि आफ्ना सूचनाहरु आ-आफ्ना website मा अद्यावधिक गर्ने गरेका छन् ।

**१४ मन्त्रालयको सूचना वर्गीकरण सम्बन्धी व्यवस्था**

सूचनाको वर्गीकरण हुन बाँकी रहेको छ ।

**१५ खर्चको विवरण**

यस मन्त्रालयलाई विनियोजित कुल बजेट मध्ये संघीय कार्यालयहरुलाई विनियोजन भएको कुल चालु रकम रु. ८२४०५०० हजार र पुँजीगत रकम रु. ५५९८८०० हजार मध्ये यस अवधिमा जम्मा रु. १०१६३११ हजार खर्च भएको छ ।जसमध्ये रु. ९६४१७९ हजार चालु खर्च भएको छ भने रु. ५२१३२ हजार पूँजीगत खर्च भएको छ ।